# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (बागमती प्रदेश)

# वार्षिक प्रतिवेदन

(आ.व.२०७८/७९)




## नेपाल राष्ट्र बैंक

### आर्थिक अनुसन्धान विभाग

२०७९ मंसिर

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्य रहेको छ। यस बैंकले उपरोक्त उद्देश्यहरु हासिल गर्न मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा विश्लेषणको आवश्यकता भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७८, (प्रथम संशोधन २०७९ सहित)" अनुसार यो अध्ययन प्रतिवेदन तयार गरिएको छ। उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार नै आर्थिक वर्ष २०७६/७७ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गर्ने क्रममा आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशका १३ जिल्लाहरु समेटी यो प्रतिवेदन तयार गरेको हो।

स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्क जिल्लागत रूपमा संङ्कलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु। प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री प्रेम प्रसाद आचार्य र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री टिकाराम तिमिल्सिना, श्री प्रतिभा थापा, श्री निरज घिमिरे, श्री उदयराज पौडेल, श्री एलिशा मानन्धर र अधिकृत श्री राम कुमार थापा तथा सहायक श्री कुशल ढकालसमेत धन्यवादका पात्र हुनुहुन्छ।

**डा. प्रकाश कुमार श्रेष्ठ**
**कार्यकारी निर्देशक**
**आर्थिक अनुसन्धान विभाग**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | क |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २** | **प्रदेशको तुलानात्मक स्थिति** | | |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपंन्क्षी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | १० |
| | ३.५ | क्षेत्रगत कृषिकर्जा | ११ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १६ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | |
| | ५.१ | पर्यटन | २० |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| | ५.३ | वित्तीय सेवा | २१ |
| | ५.४ | फण्ड ट्रान्सफर | २३ |
| | ५.५ | शिक्षा | २३ |
| | ५.६ | स्वास्थ्य | २३ |
| | ५.७ | यातायात | २३ |
| | ५.८ | सेवा क्षेत्र कर्जा | २४ |
| | ५.९ | सहकारी | २४ |
| | ५.१० | प्रदेश सरकारी वित्त | २५ |
| | ५.११ | स्थानीय तहहरुको बजेट स्थिति | २५ |
| | ५.१२ | सेवा क्षेत्रको चुनौती र सम्भावना | २८ |
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | |
| | ६.१ | पूर्वाधार क्षेत्र | २९ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३२ |
| | ६.३ | रोजगारी | ३२ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३४ |
| **परिच्छेद ७** | **आर्थिक परिदृष्य** | | |
| | ७.१ | कृषि उत्पादन | ३५ |
| | ७.२ | औद्योगिक उत्पादन | ३५ |
| | ७.३ | सेवा क्षेत्र | ३५ |
| | ७.४ | पूर्वाधार क्षेत्र | ३५ |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका २.१: | प्रादेशिक आर्थिक परिसूचकहरु | ४ |
| तालिका ३.१: | कृषि उपजले ढाकेको भू–क्षेत्र | ७ |
| तालिका ३.२: | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.३: | प्रमुख पशुपन्छीजन्य उत्पादन | १० |
| तालिका ३.४: | जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ४.१: | बागमती प्रदेशमा २०७८ साउनदेखि २०७९ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण | १७ |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा | १७ |
| तालिका ५.१: | बागमती प्रदेशमा रहेका होटलको विवरण | २० |
| तालिका ५.२: | सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| तालिका ५.३: | बागमती प्रदेशमा प्रवाहित पुनरकर्जाको बक्यौता रकमको विवरण | २२ |
| तालिका ५.४: | बागमती प्रदेशमा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | २३ |
| तालिका ५.५: | जिल्लागत सेवा क्षेत्र कर्जा | २४ |
| तालिका ५.६: | छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण | २५ |
| तालिका ५.७: | सरकारी वित्त स्थिति | २५ |
| तालिका ५.८: | बागमती प्रदेशको स्थानिय तहहरुको प्राप्ति खर्च विवरण | २६ |
| तालिका ५.९: | २०७८/७९ मा स्थानीय तहमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान | २७ |
| तालिका ६.१: | सडक पूर्वाधार तर्फ आ.व २०७८/७९ सम्मको भौतिक प्रगति | २९ |
| तालिका ६.२: | शहरी विकास तथा भवन पूर्वाधार तर्फ आ.व २०७८/७९ सम्मको भौतिक प्रगति | २९ |
| तालिका ६.३: | राष्ट्रिय गौरवका आयोजनाको विवरण | ३० |
| तालिका ६.४: | जिल्लागत रोजगारीको विवरण | ३३ |
| तालिका ६.५: | जिल्लागत वैदेशिक रोजगारीको विवरण | ३३ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१: | प्रादेशिक रुपमा क्षेत्रगत योगदान | ४ |
| चार्ट ३.१: | प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल | ६ |
| चार्ट ३.२: | प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति | ८ |
| चार्ट ३.३: | सिंचाई क्षेत्रमा भएको विस्तार | १० |
| चार्ट ४.१: | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १६ |
| चार्ट ४.२: | औद्योगिक कर्जा लगानी स्थिति | १८ |
| चार्ट ५.१: | बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी | २० |
| चार्ट ५.२: | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | २१ |
| चार्ट ५.३: | निक्षेप तथा कर्जा स्थिति | २२ |
| चार्ट ५.४: | स्थानीय तहहरुको खर्च विवरण | २६ |
| चार्ट ५.५: | संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान | २७ |

# सारांश

बागमती प्रदेशमा रहेका १३ वटा जिल्लाहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक अध्ययन प्रतिवेदनको सार-सङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

## कृषि

१. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र १.९ प्रतिशतले बढेको छ भने यस्ता बालीको उत्पादन २.२ प्रतिशतले घटेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा वर्षमा गहुँ ६.९ प्रतिशत, कोदो उत्पादन ०.१ प्रतिशत, जौ ४.१ प्रतिशत, फापर उत्पादन १५ प्रतिशतले बढेको छ भने धान उत्पादन ०.४ प्रतिशत र मकै उत्पादन १.७ प्रतिशतले घटेको छ ।

३. समीक्षा वर्षमा तरकारी उत्पादन १.१ प्रतिशतले बढेको छ । पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन १०.६ प्रतिशत, मासु उत्पादन ८.३ प्रतिशतले बढेको छ भने अण्डा उत्पादन १.३ प्रतिशतले घटेको छ ।

४. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट ३.५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ ।

## उद्योग

५. समीक्षा वर्षमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४७.४ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४२.४ प्रतिशत रहेको थियो ।

६. औद्योगिक उत्पादनमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधी उद्योगमध्ये क्याप्सुल उत्पादनमा सबैभन्दा कम क्षमता उपयोग भएको देखिन्छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३२.१ प्रतिशत रहेको छ ।

## सेवा

८. कोभिड-१९ संक्रमणदरमा कमी आएसँगै पर्यटन व्यवसाय विस्तार हुने क्रममा रहेको देखिन्छ । नमुना छनौटमा रहेका ठूला होटलहरूको अकुपेन्सी ३६.२ प्रतिशत रहेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या २१.६ प्रतिशतले प्रतिशतले बढेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ३.३ प्रतिशतले घटेको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप २०७८ असार मसान्तको तुलनामा २०७९ असारमा ९.४ प्रतिशतले र कर्जा प्रवाह ११.४ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ७४.७ प्रतिशत रहेको छ ।

११. समीक्षा वर्षमा यस प्रदेशमा यातायात सवारी दर्ताको सङ्ख्या १२.४ प्रतिशतले वृद्धि भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्ने उद्देश्य राखेको छ। उक्त उद्देश्य पूरा गर्न बैंकले समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यसै क्रममा बैंकले वास्तविक क्षेत्रसँग पनि नियमित रुपमा तथ्याङ्कको संकलन तथा विश्लेषण गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्दछ। यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्कमा (२०७८ साउनदेखि २०७९ असार मसान्तसम्मको तथ्याङ्कमा) आधारित रहेको छ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा देश संघीय संरचनामा गएपश्चात् प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ। सो अनुसार बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययनमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी १३ जिल्लाहरुको आर्थिक गतिविधिबारे विश्लेषण गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

बागमती प्रदेशका १३ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात् तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुनर्संरचना भएकोले तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइसकेको छैन। कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। कतिपय निजी उद्योग

तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ । परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४८ खर्ब ५२ अर्ब पुग्ने अनुमान गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ । उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहने अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१७ खर्ब ९० अर्ब ६८ करोड पुग्ने अनुमान छ । समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.१ प्रतिशत, १२.२ प्रतिशत र ७६.७ प्रतिशत रहने अनुमान छ । विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१ प्रतिशत, ३१.६ प्रतिशत र ४५.९ प्रतिशत रहने अनुमान छ । बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाको अंश सबैभन्दा बढी (२५.१ प्रतिशत) रहेको छ । वित्तीय तथा बीमा क्रियाकलापको अंश १६ प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११.१ प्रतिशत तथा उत्पादनमुलक उद्योगको अंश ५.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल उत्पादनमा अण्डा उत्पादनको हिस्सा यस प्रदेशको सबैभन्दा बढी (६२.९ प्रतिशत) र मासु उत्पादनमा ३३.९ प्रतिशत रहेको छ (स्रोतः प्रदेश आर्थिक सर्वेक्षण, २०७९) ।

## २.२ अन्तर प्रदेश तुलना


केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१ प्रतिशत) रहेको छ । यस प्रदेशको जनसंख्या अन्य प्रदेशभन्दा बढी रहेको, संघीय राजधानी यसै प्रदेशमा रहेको, अधिकांश उद्योगहरु यसै प्रदेशमा रहेको जस्ता कारणले अन्य प्रदेशभन्दा यस प्रदेशको हिस्सा कुल गार्हस्थ्य उत्पादनमा अधिक रहने गरेको छ । प्रदेशगत रुपमा तुलना गर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषिमा योगदान बागमती प्रदेशको सबैभन्दा कम (११.१ प्रतिशत) रहेको छ भने सुदूरपश्चिममा सबैभन्दा बढी (३३.५ प्रतिशत) रहेको छ । यसैगरी सेवा क्षेत्रमा सबैभन्दा बढी बागमती प्रदेशको (७६.७ प्रतिशत) र सबैभन्दा कम प्रदेश नं १ को (४९.१ प्रतिशत) रहेको छ ( चार्ट २.१) । वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं १ को हिस्सा सबैभन्दा धेरै (२१.८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.४ प्रतिशत) रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.२ प्रतिशत) रहेको छ । यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.८ प्रतिशत) रहेको छ (तालिका २.१) ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०७८/७९)**

| आर्थिक परिसूचक/ प्रदेश | प्रदेश १ | मधेस प्रदेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ७६३.३ | ६४४.३ | १,७९०.७ | ४३१.८ | ६८४.९ | १९८.० | ३३८.७ | ४,८५१.६ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७.० | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | ५.४ | ५.५ | ४.९ | ५.८ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १७.३ | ५.४ | ९.८ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.६ | ११.२ | ३१.६ | ११.५ | १५.८ | ३.२ | ७.१ | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | १२.५ | ३.८ | ५.९ | १००.० |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*

**चार्ट २.१: प्रादेशिक रुपमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### १.३.१ प्रादेशिक क्षमता र सम्भावना

- नेपाल सरकारले बागमती प्रदेशलाई ९७.२ प्रतिशत साक्षरता सहित नेपालको पहिलो साक्षर प्रदेशको रुपमा घोषणा गरेको तथा जनसंख्या तथा सञ्चारको पहुँच पनि बढी रहेको यस प्रदेशमा स्वास्थ्य, शिक्षा, यातायात तथा सेवा लगायतका आधारभूत पूर्वाधारमा प्रदेशलाई थप डिजिटलाइज गरी उक्त सेवाहरु प्रभावकारी र चुस्त दुरुस्त गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौं उपत्यका, चितवन, बनेपा लगायतका ठूला सहरहरुमा फोहोर व्यवस्थापन, सडक मर्मत, आपतकालीन सहयोग तथा स्थानीय निकायबाट समाधान हुने समस्याका लागि नगरपालिका, सरकारी

निकाय तथा स्थानीय नागरिकसँग समन्वय गर्ने City App को विकास गरी समयमा नै समस्याको रिपोर्ट गर्ने र समाधानको पहल गर्न सक्ने सम्भावना रहेको ।

- अन्तर्राष्ट्रिय विमानस्थलमा Pivate Jet बाट भ्रमण गर्न चाहाने पर्यटकहरुलाई सजिलैसँग विशेष Ground Handling को व्यवस्था गर्न सकेमा खर्च गर्ने क्षमता राख्ने Highend पर्यटकलाई आर्कषित गर्न सकिने सम्भावना रहेको ।
- उपत्यका लगायतका ठूला शहरहरुमा विद्युतीय सवारी साधनको उपयोग बढ्दै गएकोले विद्युतीय साधनको Service Station र Charging Station को स्थापना गरी व्यवसाय विस्तारको सम्भावना रहेको ।
- व्यस्त जीवनशैली तथा उच्च जनघनत्व रहेको यस प्रदेशमा स्पा तथा व्यायमशाला, अनलाइन व्यापार, कोल्ड स्टोर, डेरी, खाद्य प्रशोधन उद्योग जस्ता साना तथा मझौला उद्योगहरूको सम्भावना रहेको ।
- शहरी इलाकामा बँगैचा तथा कौसी खेतीको चलन बढ्दै गएको तर फलफूल, तरकारी तथा फूलका विरुवाको उपलब्धता देशभित्र पर्याप्त नभएकोले हवापानी सुहाउँदो बीउ तथा विरुवाहरु उपलब्ध गराउन शहरका आसपासका क्षेत्रमा नर्सरी तथा पुष्प खेती गर्न सकेमा भारत लगायतका मुलुकबाट आयात कम गरी स्वदेशी उत्पादनले नै माग पूरा गर्न सकिने सम्भावना रहेको ।
- काठमाण्डौ लगायतका ठूला शहरहरु यस प्रदेशमा रहेकोले उक्त शहरहरुको आसपासको क्षेत्रका तरकारी, फलफूल लगायतका कृषि उत्पादनहरु गर्न सकिने सम्भावना रहेको छ। यी ठूला शहरहरुको आसपासमा रिसोर्टहरु विस्तार भइरहेकोले यस्ता कृषि उपजहरुको माग विस्तार भइरहेको स्थिति छ।

## १.३.२ प्रादेशिक चुनौती

- जलवायुका हिसाबले नेपाल विश्वका सबैभन्दा प्रभावित देशको दशौं स्थानमा रहेकोले बाढी, आँधी, कटान, डुवान, सुख्खा, आगो, रोगको प्रकोप आदिको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा यस प्रदेशमा समेत यस्ता घटना बढ्न गएकोले कृषि, स्वास्थ्य, शिक्षामा समयानुकुल परिवर्तन गर्दै जानु ।
- जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत, पूर्वाधार, उद्योगमा पर्न सक्ने असरलाई कम गर्न वातावरणीय क्षेत्रमा लगानी बढाउनु ।
- सरकारद्वारा संचालित कृषि अनुदान कार्यक्रममा कृषकहरुको उपकरण खरिद तथा निर्माणमा लागत साझेदारी बढाउनु ।
- काठमाडौं उपत्यकामा बस्तीसँगै रहेका अधिकांश पेट्रोलपम्पले सरकारद्वारा निर्धारण गरेको मापदण्ड पालना नगरेकोले पम्पहरुको उचित व्यवस्थापन गरी दुर्घटनाजन्य जोखिम कम गर्नु ।
- काठमाडौं उपत्यका तथा अन्य क्षेत्रमा डेंगु, कोरोना, मौसमी भाइरल लगायतका महामारीका कारण अन्तराष्ट्रिय समुदायमा नेपाल प्रतिको दृष्टिकोण सुधारेर उपत्यका स्वस्थ्यकर र सुरक्षित छ भन्ने प्रत्याभुती जगाउनु ।
- शहरी इलाकामा होटल तथा रेस्टुरेन्टमा फास्टफूडको चलन बढ्दै गएकोले खानाको गुणस्तर कायम राख्नु ।
- तातोपानी तथा रसुवागढी नाकाबाट मुख्य राजमार्गसम्मको बाटो सुविधायुक्त नरहेको तथा समयसमयमा बाढीपहिरोले अवरोध गर्ने भएकोले सडकको मर्मत गरी चीनतर्फ हुने व्यापारलाई सहज बनाउनु ।
- उपत्यका तथा आसपासका सहरहरुमा ट्राफिक व्यवस्थापन, सडक मर्मत, ढल तथा फोहोर व्यवस्थापन, प्रदुषण नियन्त्रण तथा वर्षायाममा शहरका वस्ती डुवानलाई दीर्घकालीन समाधान गर्नु ।
- अव्यवस्थित सहरीकरण तथा बसाईसराईका कारण उपत्यकामा कृषि भूमि मासिँदै गईरहेको तर पहाडी इलाकामा जमिन बाँझो रहने भएकोले कृषि भू-क्षेत्रको संरक्षण तथा बाँझो जमिनको सदुपयोग गर्नु ।

# परिच्छेद ३: कृषि क्षेत्र


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.३ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्यबाली** : आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.९ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो क्षेत्रफल ०.२ प्रतिशतले घटेको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशत, मकै बालीको ५ प्रतिशत, गहुँ बालीको ६.४ प्रतिशत, जौ बालीको ५.२ प्रतिशत, फापर बालीले ढाकेको क्षेत्रफल १० प्रतिशतले बढेको छ भने कोदो बालीले ढाकेको क्षेत्रफल ०.८ प्रतिशत, आलु बालीको ०.६ प्रतिशत, उखु बालीको ११.१ प्रतिशत, भटमास बालीको ०.४ प्रतिशत, दलहन बालीको ०.६ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले घटेको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.९ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशतले र मसला बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूल बालीले ढाकेको क्षेत्रफल ३.७ प्रतिशतले बढेको थियो भने मसला बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशतले घटेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | २२६९५ | १९४० | ६१४ | ७८८ | ४.० | ३.५ | २.८ | १०.९ |
| सिन्धुपाल्चोक | ७०५८६ | ३८८३ | १२४४ | १२८४ | १२.४ | ७.१ | ५.७ | १७.८ |
| रसुवा | ८६८४ | १६७५ | ५४१ | ३७९ | १.५ | ३.० | २.५ | ५.२ |
| धादिङ्ग | ४८८२६ | ७१५० | १९७२ | ४५० | ८.६ | १३.० | ९.१ | ६.२ |
| नुवाकोट | ५०८६९ | ५४३१ | १५६६ | ६२४ | ८.९ | ९.९ | ७.२ | ८.६ |
| काठमाडौं | १९३६७ | ३१२८ | ७२२ | २१३ | ३.४ | ५.७ | ३.३ | २.९ |
| भक्तपुर | १०७२५ | ३२५७ | २८ | २२९ | १.९ | ५.९ | ०.१ | ३.२ |
| ललितपुर | २२०६१ | ३१३८ | ५१६ | २६३ | ३.९ | ५.७ | २.४ | ३.६ |
| काभ्रेपलाञ्चोक | ६३७८३ | १०२६६ | २८६३ | ०.० | ११.२ | १८.७ | १३.२ | ०.० |
| रामेछाप | ४४९९८ | ११०१ | १८०८ | ३८२ | ७.९ | २.० | ८.३ | ५.३ |
| सिन्धुली | ७१७६८ | ३३९० | ६३३२ | १४८९ | १२.६ | ६.२ | २९.२ | २०.६ |
| मकवानपुर | ५२५५० | ३३१४ | ६९३ | ६३५ | ९.२ | ६.० | ३.२ | ८.८ |
| चितवन | ८२४३१ | ७२४६ | २८०० | ४९३ | १४.५ | १३.२ | १२.९ | ६.८ |
| **जम्मा** | **५६९३४३** | **५४९१९** | **२१६९९** | **७२२९** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१४.५ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.५ प्रतिशत) रहेको छ (तालिका ३.१) । तरकारीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.७ प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (२.० प्रतिशत) रहेको छ । फलफूलले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२९.२ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२०.६ प्रतिशत) र काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा नगन्य रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.२ प्रतिशतले घटेको छ भने खाद्य तथा अन्य बालीको उत्पादन ०.१ प्रतिशतले घटेको छ । गत वर्ष समग्र कृषि बालीको उत्पादन २.६ प्रतिशतले बढेको थियो । साथै, खाद्य तथा अन्य बालीको उत्पादन पनि २.६ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा गहुँ ६.९ प्रतिशत, कोदो उत्पादन ०.१ प्रतिशत, जौ ४.१ प्रतिशत, फापर उत्पादन १५ प्रतिशत, भटमास ०.५ प्रतिशत तथा तेलहनको उत्पादन ७.१ प्रतिशत बृद्धि भएको छ भने धान उत्पादन ०.४ प्रतिशत, मकै उत्पादन १.७ प्रतिशत, आलु ०.४ प्रतिशत, उखु उत्पादन ७.७ प्रतिशत, दलहन बालीको उत्पादन ०.८ प्रतिशतले घटेको छ । गत वर्ष मकै उत्पादन ९.१ प्रतिशत, गहुँ उत्पादन ०.५ प्रतिशत, कोदो उत्पादन ०.६ प्रतिशत तथा फापर उत्पादन ८.७ प्रतिशतले बढेको थियो भने धान उत्पादन ०.१ प्रतिशत, जौको उत्पादन १.१ प्रतिशत, आलु उत्पादन ०.१ प्रतिशत, उखुको उत्पादन ४.६ प्रतिशत, भटमास ०.१ प्रतिशत, दलहन ८.९ प्रतिशत र तेलहन ०.३ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३१.७ प्रतिशत, मकै उत्पादनको हिस्सा ३०.८ प्रतिशत र धान उत्पादनको हिस्सा २३.१ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

**तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन १.१ प्रतिशतले बढेको छ (चार्ट ३.२) । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २.६ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूलको उत्पादन ०.७ प्रतिशतले बढेको छ । स्याउ, सुन्तला तथा आँपको उत्पादन क्रमशः ०.१ प्रतिशत, ०.७ प्रतिशत र ३.५ प्रतिशतले घटेको छ भने केराको उत्पादन ०.२ प्रतिशतले बढेको छ । मसलाको उत्पादन ०.१ प्रतिशत, चिया उत्पादन ६.७ प्रतिशत, कफीको उत्पादन ७.४ प्रतिशत र अन्य फलफूलको उत्पादन २.७ प्रतिशतले बढेको छ । गत वर्ष स्याउको उत्पादन ६.५ प्रतिशत, मसलाको उत्पादन ०.५ प्रतिशत, चियाको उत्पादन २ प्रतिशत र कफीको उत्पादन ६.१ प्रतिशत र फलफूलको उत्पादन १५.९ प्रतिशतले वृद्धि भएको थियो भने सुन्तलाको उत्पादन ४.४ प्रतिशत, आँप उत्पादन ४.४ प्रतिशत र केराको उत्पादन ०.४ प्रतिशतले घटेको थियो ।

यस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ को कुल फलफूलको उत्पादनमा केराको हिस्सा २६.५ प्रतिशत, सुन्तलाको हिस्सा २४.७ प्रतिशत र अन्य उत्पादनको हिस्सा ४०.५ प्रतिशत रहेको छ । यसै गरी कुल कृषि उत्पादनमा मसलाको हिस्सा २.३ प्रतिशत रहको छ भने मह उत्पादनको हिस्सा ०.२ प्रतिशत रहेको छ ।

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १६.३ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ (तालिका ३.२) । तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी २३ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.६ प्रतिशत रहेको छ । फलफूल उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी २६.१ प्रतिशत रहेको छ भने भक्तपुरको जिल्लाको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ । त्यसैगरी मसला उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी २४.५ प्रतिशत रहेको छ भने दोलखाको जिल्लाको हिस्सा सबैभन्दा कम १.५ प्रतिशत रहेको छ ।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | १००३१२.० | २६०४८.० | ५१४२.० | १०५६.० | ४.६ | ३.४ | २.५ | १.५ |
| सिन्धुपाल्चोक | २०५७०८.० | ४५५९६.० | ७७३९.० | १०२३८.० | ९.४ | ६.० | ३.८ | १४.३ |
| रसुवा | ५५१६७.० | १२०३८.० | २८६९.० | २४५९.० | २.५ | १.६ | १.४ | ३.४ |
| धादिङ्ग | १५४७७१.४ | ८४७००.० | १८११३.० | ४०१५.० | ७.० | ११.१ | ८.८ | ५.६ |
| नुवाकोट | २३५११५.० | ५९५८६.० | ११९००.० | ५१९९.० | १०.७ | ७.८ | ५.८ | ७.३ |
| काठमाडौं | ९०२९२.० | ५००४८.० | ४७६९.० | २२९०.० | ४.१ | ६.६ | २.३ | ३.२ |
| भक्तपुर | ६३६१३.० | ५८५५४.८ | ११९८.० | २३५४.० | २.९ | ७.७ | ०.६ | ३.३ |
| ललितपुर | ८९२५८ | ५०५६७ | ४६८३ | २८७८.४ | ४.१ | ६.७ | २.३ | ४.० |
| काभ्रेपलाञ्चोक | ३५९५२४ | १७४५२२ | १९२५९ | ९५६१ | १६.३ | २३.० | ९.४ | १३.४ |
| रामेछाप | १४०११७ | १२५४० | १९१४७ | २७२४ | ६.४ | १.७ | ९.४ | ३.८ |
| सिन्धुली | १८६३७५ | ३०२३१ | ५३५२४ | १७५४९ | ८.५ | ४.० | २६.१ | २४.५ |
| मकवानपुर | २२२५२७ | ५९८४४ | ७७१४ | ८,२०५ | १०.१ | ७.९ | ३.८ | ११.५ |
| चितवन | २९६७५७ | ९५५०१ | ४८६७३ | ३,०२७ | १३.५ | १२.६ | २३.८ | ४.२ |
| **जम्मा** | २१९९५३६.२ | ७५९७७५.६ | २०४७२९.८ | ७१५५५.६ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा वर्षमा दुध उत्पादन १०.६ प्रतिशत, मासु उत्पादन ८.३ प्रतिशत र ऊन उत्पादन ०.९ प्रतिशतले बढेको छ भने अण्डा उत्पादन १.३ प्रतिशत र छाला उत्पादन ०.१ प्रतिशत प्रतिशतले घटेको छ । गत वर्ष दुध उत्पादन ७.८ प्रतिशत, मासु उत्पादन ५.६ प्रतिशत, अण्डा उत्पादन ६.१ प्रतिशत र छाला उत्पादन ३.८ प्रतिशतले बढेको थियो भने ऊन उत्पादन १.६ प्रतिशतले घटेको थियो ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ४.८ प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन १४.८ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन २८.१ प्रतिशत र दाउरा उत्पादन २१.१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा काठ र दाउरा उत्पादन क्रमश: ७९.३ प्रतिशत र ८०.९ प्रतिशतले बढेको थियो ।

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (१८.८ प्रतिशत) दुध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (१.४ प्रतिशत) दुध उत्पादन भएको छ (तालिका ३.३)। मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (२०.८ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.३ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा ललितपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (२८.० प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (७८.६ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| दोलखा | ४०१०० | ३३९५ | १६९९४ | २१ | ५.३ | २.६ | ३.७ | ०.३ |
| सिन्धुपाल्चोक | ५१०८९ | ५६०० | २७६८५ | ६४ | ६.७ | ४.३ | ६.० | १.१ |
| रसुवा | १०५३१ | १६५५ | २८१ | ११ | १.४ | १.३ | ०.१ | ०.२ |
| धादिङ्ग | ४५०९५ | १२४८५ | ४७४३४ | ६६ | ५.९ | ९.५ | १०.३ | १.१ |
| नुवाकोट | २७५५७ | १४८४२ | ३९४९ | ९२ | ३.६ | ११.३ | ०.९ | १.५ |
| काठमाडौं | ८७४२० | २००३ | ८६९०५ | ५९ | ११.५ | १.५ | १८.८ | १.० |
| भक्तपुर | २४५६८ | २०४१ | १३७३९ | ८८ | ३.२ | १.६ | ३.० | १.५ |
| ललितपुर | ९११०९ | २७४० | १२९५२६ | ७० | १२.० | २.१ | २८.० | १.१ |
| काभ्रेपलाञ्चोक | १४३४४३ | १२४५१ | २९३३७ | ९० | १८.८ | ९.५ | ६.३ | १.५ |
| रामेछाप | ३६५६२ | ७४६६ | २३७२५ | २६ | ४.८ | ५.७ | ५.१ | ०.४ |
| सिन्धुली | ४१०३१ | २६६०३ | २३१०४ | ४१२.४ | ५.४ | २०.३ | ५.० | ६.८ |
| मकवानपुर | ५२००१ | १२६८३ | ३५९७५ | २९९ | ६.८ | ९.७ | ७.८ | ४.९ |
| चितवन | १११५२६ | २७३४३ | २४०६६ | ४७८३ | १४.६ | २०.८ | ५.२ | ७८.६ |
| **जम्मा** | **७६२८३१** | **१३१३०७** | **४६२७२०** | **६०८२** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू ।*

## ३.४ सिंचाई

समीक्षा वर्षमा यस प्रदेशको कुल खेती गरिएको (४ लाख १२ हजार ४ सय ६७ हेक्टर) क्षेत्रफलमध्ये १ लाख १८ हजार ६ सय ६७ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ । जुन कुल खेती गरिएको क्षेत्रफलको २८.८ प्रतिशत हो ।

**चार्ट ३.३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल ६.७ प्रतिशतले वृद्धि भएको थियो । कुलोद्वारा सिञ्चित क्षेत्रफल ४.७ प्रतिशतले वृद्धि भएको छ भने नहरद्वारा सिञ्चित क्षेत्रफल १८.६ प्रतिशत, बोरिङ्गबाट ३.३ प्रतिशत र थोपाद्वारा सिञ्चित क्षेत्रफल ०.८ प्रतिशतले वृद्धि भएको छ । पोखरीबाट सिञ्चित क्षेत्रफल २९.९ प्रतिशतले ह्रास भएको छ । गत वर्ष कुलोद्वारा सिञ्चित क्षेत्रफल १.३ प्रतिशतले घटेको थियो भने नहरद्वारा सिञ्चित क्षेत्रफल ४१.४ प्रतिशतले बढेको थियो ।

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तसम्म यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा ८.३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८ अर्ब पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३३.२ प्रतिशतले वृद्धि भएको थियो । यस क्षेत्रका बैंक तथा वित्तीय संस्थाले ३.५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४१.९ प्रतिशत, चितवन जिल्लाको अंश २८.८ प्रतिशत, मकवानपुर जिल्लाको अंश ६.१ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ५.३ प्रतिशत, धादिङ जिल्लाको अंश ३.७ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.५ प्रतिशत, ललितपुर जिल्लाको अंश ३.१ प्रतिशत, भक्तपुर जिल्लाको अंश २.४ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.८ प्रतिशत, सिन्धुपाल्चोक जल्लाको अंश १.२ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.७ प्रतिशत, दोलखा जिल्लाको अंश ०.६ प्रतिशत, र रसुवा जिल्लाको अंश ०.६ प्रतिशत रहेको छ (तालिका ३.४) ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ६५७.०७ | ०.६ |
| सिन्धुपाल्चोक | १३३२.०८ | १.२ |
| रसुवा | ६९८.७४ | ०.६ |
| धादिङ्ग | ४०२५.९५ | ३.७ |
| नुवाकोट | ३८२६.८४ | ३.५ |
| काठमाडौं | ४५४७३.५० | ४१.९ |
| भक्तपुर | २६४४.५२ | २.४ |
| ललितपुर | ३३९४.०७ | ३.१ |
| काभ्रेपलाञ्चोक | ५७१४.७१ | ५.३ |
| रामेछाप | ७३०.३४ | ०.७ |
| सिन्धुली | १९९५.०८ | १.८ |
| मकवानपुर | ६६५२.९२ | ६.१ |
| चितवन | ३१२६६.१३ | २८.८ |
| **जम्मा** | **१०८४११.९५** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## सहुलियतपूर्ण कर्जाको उपयोगका केही उदाहरणहरु

### (क) पञ्चकन्या पोल्ट्री ब्रिडिङ फार्म प्रा.लि.

आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन सर्वेक्षणको क्रममा बागमती प्रदेशका विभिन्न स्थानहरुको स्थलगत अवलोकन सर्वेक्षण गरिएको थियो । सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान सम्बन्धी व्यवस्थाको सदुपयोगिता विषयमा सर्वेक्षण गर्दा धादिङ, धुनिवेशी नगरपालिका, टायलघरमा अवस्थित **पञ्चकन्या पोल्ट्री ब्रिडिङ फार्म प्रा.लि.**मा गई स्थलगत सर्वेक्षण गरिएको थियो । २०७४ सालमा स्थापना भएको कुखुरा प्रजनन केन्द्र जिल्लाकै मुख्य कुखुरा प्रजनन फर्मको रुपमा रहेको छ। फर्ममा २ जना स्थानीय सहित कुल ५ जनाको लगानी रहेको फर्म ४० रोपनी क्षेत्रफलमा फैलिएको छ। फर्मले ५ करोड सहुलियत ऋण सहित कुल ८ करोड कर्जा लिएर सञ्चालनमा आएको उक्त फर्मले आफ्नै इनक्युवेशन मेसिनबाट हप्तामा ८० हजार बोइलर चल्ला उत्पादन गर्छ। ५०,० ०० कुखुरा पालन गर्न सक्ने कुल क्षमता रहेको यस फर्मले ४० जनालाई रोजगारी प्रदान गरेको छ। Cubb 5 नस्लको चल्ला पालेको छ महिना पछि करिब १ वर्षसम्म औसतमा प्रतिदिन १ वटाको दरले अण्डा दिने र सो अण्डालाई इन्क्युवेटरमा राखी चल्ला बनाई बजारमा पठाउने गरेको छ। काठमाडौं उपत्यका, धादिङ, नुवाकोट लगायतका जिल्लाहरु यसको मुख्य बजार रहेको छ । समयसमयमा देखा पर्ने बर्डफ्लु, थोरै रकम बीमा दावी गर्दा रकम भुक्तानी नहुने, धेरै संख्यामा कुखुरा मर्दा बिमालाई देखाउन राखी राख्नुपर्ने लगायतका चुनौतीहरु कुखुरा पालन व्यवसायमा रहेका छन् ।



*स्रोत: स्थलगत सर्वेक्षण*

**(ख) सालाका अर्गानिक फार्म**

इजरायलबाट सिकेको सीप र अनुभवलाई नेपालमै सदुपयोग गर्दै ९ वर्ष अगाडी काठमाडौंको गोकर्णमा ११३ रोपनी जग्गा लिजमा लिई **सालाका अर्गानिक फार्म** स्थापना भई संचालनमा रहेको छ । मुख्य गरी दुध उत्पादनमा केन्द्रित यस फार्मले १३३ वटा गाईपालन सहित गड्यौंला पालनबाट पाङ्गारिक? मल बनाउने र घाँस तथा टनेल खेती गर्ने गरेको छ । कुल १० करोड लगानीमा बनेको यस फर्मले ५ करोड सहुलियत कर्जा लिई चुक्ता गरिसकेको छ । एक समयमा १५ वटा गाईबाट एकसाथ मेसिनबाट दुध दुहुने प्रविधि प्रयोग गरेको यस फर्मले प्रतिदिन ९०० लिटर दुध उत्पादन गर्छ । फर्मले होम डेलिभरीको व्यवस्था सहित काठमाडौंको ५ ठाँउमा डेरी आउटलेटबाट पनि दुध बिक्रीवितरण गर्दछ । फर्मले २६ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । प्रति गाई १ देखि ३ लाख पर्ने र व्यवसाय पूर्ण रुपमा आत्मनिर्भर हुन ८ देखि १० वर्ष लाग्ने बताउदै प्रोप्राइटरले अनुदानको आवश्यकता नरहेको तर सहुलियत ऋणको समय र रकमको सीमा वृद्धि गर्नुपर्ने बताएका छन् । यसैगरी, कृषिमा बीमा रकम प्राप्त गर्न प्रक्रिया सहजीकरण र कृषिमा लगानी गर्ने कृषकको पनि बीमामा सहुलियत हुनुपर्नेमा उनले जोड दिएका छन् । सरकारबाट हाल ल्याइएको जग्गा वर्गीकरण नीतिका कारण कृषियोग्य जमिन पनि आवासीय जग्गामा रुपान्तरण हुनसक्ने भएकोले कृषि क्षेत्र केहि संकुचन हुन सक्ने चुनौती थपिएको छ ।



*स्रोत: स्थलगत सर्वेक्षण*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

- यस प्रदेशमा रहेका कृषिसम्बन्धी कार्यक्रमका विभिन्न सम्भाग छुट्टै-छुट्टै समयमा अलग-अलग निकायबाट हुने गरेकोले सम्भाग बीचको अन्तर सम्बन्ध स्थापित गरी कार्यक्रमहरुको प्रभावकारिता बढाउनु ।
- कृषकहरुको सहभागिता र लगानी आवश्यक पर्ने प्लाष्टिक टनेल निर्माण, थाँक्रा निर्माण लगायतका सरकारी कृषि अनुदान कार्यक्रममा सम्झौता भए पनि निर्माण सामाग्रीको उच्च मूल्य वृद्धिका कारण कार्य सम्पन्न गर्न नसकिने हुँदा यस्ता कार्यक्रमलाई समयानुकुल परिमार्जन गर्दै लानु ।
- प्रदेशको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लालाई गाई/भैंसीको जोनको रुपमा घोषणा गरिए पनि घाँस, पराल र पिठोको उत्पादन तथा उन्नत जातको नस्ल उत्पादनमा उल्लेख्य वृद्धि हुन नसकेको स्थितिमा सुधार ल्याउनु ।
- पर्याप्त सिँचाईको सुनिश्चितता, आधुनिक प्रविधिको प्रयोग, व्यावसायिक कृषिको विविधीकरण, कृषि उत्पादन संकलन केन्द्रको विकास, आयातित खाद्यान्न (विशेष गरी चामल, तरकारी र फलफुल) को निरुत्साहन तथा कृषि अनुसन्धान र कृषि विस्तार गतिविधिहरुमा लगानी बढाई विभिन्न सामाजिक वर्गका किसानहरुलाई कृषि प्रविधि, ज्ञान र समाग्रीको पर्याप्त पहुँच उपलब्ध गराउनु ।
- बढ्दो तापक्रम, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता हावापानी प्रकोपहरुले गर्दा कृषि उत्पादनमा परेका नकारात्मक असरलाई कम गर्नु तथा अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तनको प्रतिकुल प्रभावका कारण पानीको स्रोतहरु सुक्दै गरेको परिस्थितिमा कृषिजन्य उत्पादनका लागि आवश्यक पर्ने पानीको उपलब्धता सुनिश्चित गर्दै खाद्य सुरक्षाको सुनिश्चित गर्नु ।
- विभिन्न जिल्लामा जग्गा लिजमा लिएर व्यवसायिक खेती गर्ने प्रचलन विस्तारै बढ्दो क्रममा रहेकोले प्रमुख कृषि भूमिको गैर कृषिजन्य उपयोग कम गर्नु ।
- स्थानीय निकायमा पठाइएको कृषि सम्बन्धी बजेट परिचालनका लागि निश्चित मापदण्डहरु तयार पारी अन्य क्षेत्रमा दुरुपयोग हुनबाट रोक्नु ।
- कृषि बीमामा देखिएको व्यवहारिक असहजतालाई कम गराई कृषितर्फ बीमा कम्पनीहरु तथा कृषकलाई आकर्षित गरी कृषिमा लगानी बढाउनु ।

### ३.६.२ सम्भावना

- यस प्रदेशमा मकै उत्पादनको हिस्सा सबैभन्दा बढी रहेको र मकैको आयातमा निर्भर रहेको दाना उद्योगको संख्या पनि उल्लेख्य रहेकोले समयमै स्थानीय कच्चा पदार्थ उपलब्ध गराउन उत्पादन र आपूर्ति करार (Production and Supply Contract) लाई प्रभावकारी गर्न सकेमा मकैको आयात न्यूनीकरण हुने सम्भावना रहेको ।
- पहाडी तथा हिमाली भेगमा उत्पादन हुने कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरु अर्न्तराष्ट्रिय जगतमा Nutri Cereal /Superfood लगायतका नामबाट प्रचलित रहेकाले रैथाने बालीका उपजमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा सहज बजारीकरणको सम्भावना रहेको ।
- हेटौंडामा निर्माणाधीन पाउडर प्लान्ट र काभ्रेपलाञ्चोक जिल्लामा निर्माणाधीन मिनी पाउडर प्लान्ट शीघ्र सञ्चालनमा ल्याउनुका साथै डेरी एक्सिलेन्सी सेन्टर स्थापना गर्न सकेमा आगामी वर्षमा दुधको उत्पादनमा उल्लेख्य वृद्धि हुने ।
- व्यावसायिकताका आधारमा किसानहरुको वर्गीकरण गरी परिचयपत्र वितरण गर्न सकेमा वर्गीकरणका आधारमा प्रदेश सरकारबाट दिइने प्रोत्साहनलाई लक्षित वर्गमा पुऱ्याउन सकिने ।

- चितवन, मकवानपुर, धादिङ र काभ्रे जिल्लामा बीउ उत्पादनको पकेट क्षेत्र स्थापना गर्न सकेमा प्रदेशलाई धान, मकै, गहुँ लगायत तरकारी र फलफुलको बीउमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने ।
- प्रदेशभित्र निर्माणाधिन रहेका सबै शीत भण्डारहरुको निर्माण समयमै सम्पन्न भएमा फलफूल र तरकारीको उत्पादन तथा भण्डारणलाई थप टेवा पुग्ने ।
- कृषिसँग सम्बन्धित विश्वविद्यालय तथा विभिन्न कृषिसँग सम्बन्धित विद्यालयलाई प्रोत्सान गरी अध्ययन अनुसन्धान तथा प्रविधि विकास गर्न सकेमा कृषि प्रणालीको रुपान्तरण गर्न सकिने ।


# परिच्छेद ४ : उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४७.४ प्रतिशत रहेको छ। गत वर्ष नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४२.४ प्रतिशत रहेको थियो। नमुना छनौटमा परेका उद्योगहरुमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधी उद्योगका उत्पादनहरुमध्येको क्याप्सुल उत्पादनको क्षमता उपयोग सबैभन्दा कम रहेको छ।

समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगका उत्पादन हल्का पेय पदार्थ, वियर, रंग, औषधी, जुत्ता तथा बिजुलीको उत्पादन बढेको छ भने दुध, पशुदाना, चाउचाउ, चुरोट, गार्मेन्ट, इँटा र सिमेन्टको उत्पादन घटेको छ। समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगले ७,७८४ स्वदेशी र ७४ विदेशी गरी कुल ७,८६१ जनालाई रोजगारी प्रदान गरेको छ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (आ.व. २०७८/७९)**




*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू।*

यस प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरु काठमाडौं उपत्यका र मकवानपुरको हेटौंडामा अवस्थित छन्। यस प्रदेशमा रहेका प्रमुख उद्योगहरुमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोशाक, सुतीको तयारी पोशाक, सजावटका सामान, चाउचाउ, विस्कुट, पेय पदार्थ, इँटा, औषधी र सिमेन्ट उद्योगहरु पर्दछन्। आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा उत्पादनमुलक क्षेत्रमा २६, कृषि तथा वनमा ९, उर्जामा ९, सूचना तथा प्रविधिमा ११, पूर्वाधारमा २, खनिजजन्यमा १, सेवामा ३८ र पर्यटनमा ३५ गरी कुल १३१ उद्योगहरु दर्ता भएका छन्। जसमा २२ वटा ठूला, ४२ वटा मध्यम र ६७ वटा साना उद्योगहरु दर्ता भएका छन्। स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै बागमती प्रदेशको पूर्वाधार निर्माणमा थप टेवा पुग्ने देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशका जिल्लाहरुमध्ये रसुवा, रामेछाप र सिन्धुलीमा कुनै पनि उद्योग दर्ता भएका छैनन्।

**तालिका ४.१: बागमती प्रदेशमा २०७८ साउनदेखि २०७९ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग संख्या | रू. दश लाखमा | | | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | | प्रस्तावित कुल पुंजी | स्थिर पुंजी | कार्यशील पुंजी | |
| भक्तपुर | १ | ५५८.९७ | ५४४.९७ | १३.८० | १५ |
| चितवन | ११ | ४४७.५८ | ३७२.६५ | ७४.९२ | ६९७ |
| धादिङ | ८ | १०६५.०७ | ९४३.२० | १२१.८७ | ४९६ |
| दोलखा | २ | ११८२.५४ | ११७४.६७ | ७.८७ | ७१ |
| काठमाडौं | ७८ | ५२५८.७६ | २७९३.८८ | २४६४.८८ | ६४३२ |
| काभ्रेपलाञ्चोक | ८ | २०२.६४ | १७६.१३ | २६.५१ | ४१३ |
| ललितपुर | १४ | ८५५.२७ | २४०.८८ | ६१४.३९ | १३०५ |
| मकवानपुर | ५ | १८४.३३ | १०५.४४ | ७८.८९ | ५४१ |
| नुवाकोट | २ | १६६.९५ | १६३.३० | ३.६४ | ७४ |
| सिन्धुपालचोक | २ | ८७३.८४ | ८६५.३९ | ८.४५ | १०२ |
| जम्मा | **१३१** | **१०७९५.७४** | **७३८०.५१** | **३४१५.२३** | **१०१४६** |

*स्रोत: उद्योग विभाग* ।

२०७८ साउनदेखि २०७९ असार मसान्तसम्म यस प्रदेशमा कुल १३१ वटा उद्योगहरू दर्ता भएका छन् (तालिका ४.१) । जसको प्रस्तावित कुल पुँजी रु.१० अर्ब ७९ करोड रहेको छ । यी दर्ता भएका उद्योगहरुको समीक्षा वर्षमा प्रस्तावित रोजगारी संख्या कुल १० हजार १ सय ४६ रहेको छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ६ प्रतिशतले ह्रास भई रु.८ खर्ब ४२ अर्ब ६६ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २५.७ प्रतिशतले वृद्धि भई रु.८ खर्ब ९६ अर्ब ४२ करोड पुगेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३२.१ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.७ खर्ब ५७ अर्ब ५ करोड (८९.८ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.२६ करोड (०.०३ प्रतिशत) कर्जा लगानी रहेको छ (तालिका ४.२) । अधिकांश औद्योगिक प्रतिष्ठानहरुको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकोले औद्योगिक कर्जाको उच्च हिस्सा काठमाडौंमा रहेको दखिन्छ ।


**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ९४५.३७ | ०.१ |
| सिन्धुपाल्चोक | ५५१.७१ | ०.१ |
| रसुवा | २५५.९४ | ०.० |
| धादिङ्ग | २,०७६.७९ | ०.२ |
| नुवाकोट | १,७७३.२६ | ०.२ |
| काठमाडौं | ७५७,०५२.८६ | ८९.८ |
| भक्तपुर | ७,३७१.३८ | ०.९ |
| ललितपुर | २४,७०८.८० | २.९ |
| काभ्रेपलाञ्चोक | ५,३९८.५७ | ०.६ |
| रामेछाप | ५८९.६० | ०.१ |
| सिन्धुली | १,२९५.७४ | ०.२ |
| मकवानपुर | ९,७५०.७९ | १.२ |
| चितवन | ३०,८८७.५९ | ३.७ |
| **जम्मा** | **८४२६५८.४०** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये खानी उत्पादन सम्बन्धी उद्योगमा ११३.१ प्रतिशतले वृद्धि भएको छ भने निर्माणमा ४९ प्रतिशतले ह्रास आएको छ । यसैगरी, विद्युत, ग्याँस तथा पानीमा २०.२ प्रतिशतले, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा १०.४ प्रतिशतले र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ९.८ प्रतिशतले कर्जा बढेको छ । कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा भने कर्जा ११.२ प्रतिशतले घटेको छ ।

**चार्ट : ४.२ औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौती

- रसुवा, रामेछाप, दोलखा र सिन्धुलीमा उद्योग दर्ताको संख्या नगन्य रहेको तर वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेकोले त्यस क्षेत्रका जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नु ।
- उत्पादनमुलक उद्योगलाई वित्तीय स्रोतको व्यवस्थापनमा सहज तुल्याउन पुँजी प्रवाह र ब्याजदरमा स्थिरता कायम गर्नु ।
- ठूला शहरहरुमा रहेका औद्योगिक क्षेत्रहरुमा फोहोर व्यवस्थापनका साथै प्रस्तावित औद्योगिक क्षेत्रहरुमा साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गर्नु ।
- बढ्दै गएको जमिनको मूल्यका कारण उद्योगको लागत बढ्ने हुँदा सार्वजनिक जग्गा भाडा कार्ययोजनालाई प्रभावकारी बनाई नयाँ उद्योग स्थापना गर्न प्रोत्साहन गर्नु ।
- औषधी, जुत्ता, चुरोट, पेय पदार्थ लगायतका उद्योगहरुको बजार विस्तार गरी पूर्ण क्षमता उपयोग गर्ने गरी सञ्चालनमा ल्याउनु ।
- रसिया-युक्रेन युद्धले गहुँ, भटमास, सुर्यमुखी तेल, जौ, मकै, चिनी लगायतका खाद्यान्नको मूल्य वृद्धि भएकोले यस्ता कच्चा पदार्थमा आधारित उद्योगहरुको उत्पादन सुचारु राखी बिक्री वितरण सुचारु गर्नु ।

- धेरैजसो उद्योग भारतीय कामदारमा निर्भर रहनुपरेको तर स्वदेशी जनशक्ति विदेश पलायन हुने गरेकोले स्वदेशी जनशक्तिको सीप क्षमता र कार्यदक्षता वृद्धि गरी स्वदेशबाटै दक्ष र अर्धदक्ष जनशक्तिको उपयोग गर्नु ।
- लगानीमैत्री वातावरण सृजना गर्न सडक, उर्जा, सञ्चार जस्ता न्यूनतम आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको विकास गरी उद्योग क्षेत्रमा विदेशी लगानी आकर्षण गरी प्रविधि हस्तान्तरण तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु ।

### ४.३.२ सम्भावना

- सिन्धुलीको मारी र मकवानपुरको मनहरामा औद्योगिक पार्क निर्माणका लागि जग्गा पहिचान भएको तथा चितवन, मकवानपुर र सिन्धुलीमा एकिकृत औद्योगिक विकास परियोजनाको अवधारणा अघि सारिएकोमा उक्त परियोजना यथाशिघ्र अघि बढाउन सकिएमा प्रदेशमा औद्योगिक विकास भई रोजगारी सृजना हुने तथा आर्थिक वृद्धि हुने सम्भावना रहेको ।
- यस प्रदेशमा सञ्चालित प्रधानमन्त्री उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रमको प्रभावकारिता बढाई स्वदेशी सामान उपयोग र निर्यात प्रवर्द्धन गरी नयाँ उद्योग स्थापना तथा हाल सञ्चालनमा रहेका उद्योगहरुको बजार विस्तार गरी उद्योगको क्षमता उपयोग बढाउने सम्भावना रहेको ।
- हाल सञ्चालनमा रहेका खाद्य गोदामको मर्मत तथा नयाँ खाद्य गोदाम स्थापना गर्न सकेमा खाद्य उद्योगलाई चाहिने कच्चा पदार्थको सुनिश्चितता गर्न सकिने सम्भावना रहेको ।
- विद्युतको उत्पादन बढ्दै गएको तथा प्रसारण लाइन र सवस्टेसन निर्माणको कामले प्राथमिकता पाएकोले उद्योगले मागेजति विद्युत पाउने र उत्पादन क्षमता बढ्ने तथा लागत घट्ने सम्भावना रहेको ।
- कम्पनी दर्ता, नवीकरण, थप अनुमति, राजस्व, दस्तुर भुक्तानी जस्ता प्रक्रियागत झन्झटको समाधान स्थानीय स्तरबाटै गर्ने व्यवस्था मिलाएमा साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालन गर्न सहज हुने ।
- दैनिकरुपमा संकलन हुने फोहोरको व्यवस्थापन गर्न कुहिने फोहोरबाट मल उत्पादन गर्ने उद्योग र नकुहिने फोहोरबाट Scrap व्यवस्थापन उद्योगको स्थापना गरी अन्य उद्योगको लागि कच्चा पदार्थ उपलब्ध गराउन सकिने सम्भावना रहेको ।
- प्रदेशभित्रका बजार विस्तारको सम्भावना भएका पानी प्रशोधन, खाद्य प्रशोधन, पेय पदार्थ लगायतका क्षेत्रहरुमा निजी क्षेत्रको लगानीलाई आकर्षण गरी औद्योगिक उत्पादन बढाउन सकिने सम्भावना रहेको ।

# परिच्छेद ५ : सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धि कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ। कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको भएतापनि पछिल्लो सयममा यसको संक्रमणदरमा आएको कमीसँगै यो क्षेत्र विस्तार हुने क्रममा देखिन्छ।

## ५.१ पर्यटन

यस प्रदेशमा विमानस्थलको संख्या ३ रहेको र सबै सञ्चालनमा रहेका छन्। त्यसैगरी, यस प्रदेशमा ५६ धार्मिक स्थल, ८ विश्व सम्पदा सुचीमा सूचिकृत सम्पदा र १९ पर्यटकीय पार्क रहेका छन्।

आर्थिक वर्ष २०७८ सम्ममा बागमती प्रदेशमा हेरिटेज एवम् बुटिक होटलको संख्या ४, पाँच तारा स्तरका होटलहरुको संख्या ११, चार तारा स्तरका होटलको संख्या ७, तीन तारा स्तरका होटल २६, दुई तारा स्तरका होटलको संख्या २८, एक तारा होटलको संख्या २६, लक्जरी रिसोर्टको संख्या २, डिलक्स रिसोर्टको संख्या १ र साधारण रिसोर्टको संख्या ८४ रहेको छ।


तालिका ५.१ : बागमती प्रदेशमा रहेका होटलहरुको विवरण

| होटलको वर्गीकरण | संख्या | कोठा संख्या | कामदार संख्या |
|---|---|---|---|
| हेरिटेज एवम् बुटिक होटल | ४ | ३३९ | ४९८ |
| पाँच तारा स्तरका होटल | ११ | २१२७ | ३१९३ |
| चार तारा स्तरका होटल | ७ | ६८४ | ९७७ |
| तीन तारा स्तरका होटल | २६ | १७०६ | १६६३ |
| दुई तारा स्तरका होटल | २८ | ११०४ | १२६० |
| एक तारा स्तरका होटल | २६ | ६०३ | ५२२ |

*स्रोत: पर्यटन विभाग, २०७८।*

समीक्षा वर्षमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३६.२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष औसत अकुपेन्सी ७.२३ प्रतिशत मात्र रहेको थियो। कोभिडको असर न्युन हुँदै गएको, देशका अधिकांश जनताले भ्याक्सिन लगाएको, आन्तरिक तथा वाह्य पर्यटकीय गतिविधिमा उत्साह थपिएको लगाएका कारण पर्यटन आगमनको लय कोभिड अगाडि कै अवस्थामा फर्किने देखिएको छ। २०७८ साउनदेखि होटलहरुको अकुपेन्सीमा क्रमश: सुधार भएको देखिएको छ। २०७८ साउनमा १३.६३ प्रतिशत रहेको अकुपेन्सी २०७९ जेठमा ५७.९८ प्रतिशत पुगेको छ।

**चार्ट ५.१: बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी (प्रतिशत)**




*स्रोत: स्थलगत सर्वेक्षण।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या २१.६ प्रतिशतले बढेको छ (तालिका ४.२)। गत वर्षको सोही अवधिमा सो संख्या ३५.९ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व ३.३ प्रतिशतले घटेर रु.२४ अर्ब ७६ करोड कायम भएको छ। घरजग्गा कारोवार विशेषगरी ग्रामीण इलाकामा बढी र सहरी इलाकामा कम भएकोले रजिष्ट्रेशनबापतको राजस्वमा कमी आएको हो। गत वर्षको सोही अवधिमा यस्तो राजस्व ५८.८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या ०.१५ प्रतिशतले बढेको छ।

**तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट**


| शीर्षक | २०७८ असार | २०७९ असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १३२,०७९ | १६०६२१ | २१.६ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २६,९६१ | २३७१८ | ०.१५ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | २५५९.३ | २४७५.९ | -३.३ |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*

## ५.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०७९ असार मसान्तसम्ममा वाणिज्य बैंकका १८०७, विकास बैंकका ३२१, वित्त कम्पनीका १०६ तथा लघुवित्त वित्तीय संस्थाका ७६९ गरी जम्मा ३००३ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (११७२) तथा रसुवा जिल्लामा सबैभन्दा कम (४९) शाखा सञ्चालनमा रहेका छन्।


**चार्ट ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**




*स्रोत: नेपाल राष्ट्र बैंक।*

२०७४ को मौद्रिक नीतिमा सबै स्थानीय तहमा बाणिज्य बैंकको शाखा स्थापना गर्नुपर्ने व्यवस्था पश्चात बागमती प्रदेशका सबै ११९ स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति रहेको छ। बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई २०७९ असार मसान्तमा रु.३५ खर्ब ९ अर्ब ९४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १९.२८ प्रतिशतले वृद्धि भएको थियो।

**चार्ट ५.३: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा ११.४ प्रतिशतले वृद्धि भई रु.२६ खर्ब २१ अर्व १५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २८.५ प्रतिशतले वृद्धि भएको थियो । २०७९ असार मसान्तमा कर्जा निक्षेप अनुपात ७४.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ७३.३ प्रतिशत रहेको थियो ।

२०७९ असार मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा १.६ प्रतिशत रहेको छ । कुल रु. ४१ अर्व ८ करोड पुनरकर्जा प्रवाहित भएकोमा साधारण पुनरकर्जाको हिस्सा ८४.६३ रहेको छ । विशेष पुनरकर्जा अन्तर्गत निर्यात, महिला उद्यम, प्राकृतिक प्रकोप र अन्य गरी चार प्रकारका रहेका छन् जसमा कुल पुनरकर्जाको १२.१९ प्रतिशत हिस्सा प्रवाहित भएको छ । लघु, घरेलु तथा साना उद्यममा ३.१८ प्रतिशत रकम प्रवाह भएको छ ।

**तालिका ५.३ : बागमती प्रदेशमा प्रवाहित पुनरकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| पुनरकर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| साधारण | ३४,७७०.०७ | ८४.६३ |
| लघु, घरेलु तथा साना उद्यम | १,३०५.१३ | ३.१८ |
| विशेष | ५,००९.७४ | १२.१९ |
| **कुल रकम** | **४१,०८४.९३** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०७९ असार मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतपूर्ण कर्जाको हिस्सा २.८ प्रतिशत रहेको छ । यस प्रदेशमा प्रवाहित सहुलियत पूर्णकर्जामध्ये व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा सबैभन्दा बढी ६५.७ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा २९.५ प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शीर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ ।

**तालिका ५.४ : बागमती प्रदेशमा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपुर्ण कर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | १७६४.६९ | २.४ |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.२६ | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | २२९.३९ | ०.३१ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | १२६२.६५ | १.७ |
| ६ | शिक्षित युवा स्वरोजगार कर्जा | २८.१२ | ०.०४ |
| ७ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | २०८.५० | ०.२८ |
| ८ | उच्च र प्राविधिक/व्यवसायीक शैक्षिक कर्जा | २९.६५ | ०.०४ |
| ९ | व्यवसायीक कृषि तथा पशुपंक्षी कर्जा | ४७७४७.८३ | ६५.६८ |
| १० | महिला उद्यमशील कर्जा | २१४२६.६४ | २९.४७ |
| ११ | युवावर्ग स्वरोजगार कर्जा | १.०८ | ०.० |
|  | **जम्मा** | **७२,६९८.८०** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.४ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक र रामेछापमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु. ६ अर्ब ४० करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा रु.१० अर्ब ५४ करोड फण्ड ट्रान्सफर भएको थियो ।

## ५.५ शिक्षा

नेपाल सरकारको साक्षर नेपाल अभियान अन्तर्गत प्रदेश भित्रका १३ वटै जिल्लाहरुलाई साक्षर घोषणा गरी बागमती प्रदेशलाई ९७.२२ प्रतिशत साक्षरता सहित नेपालको पहिलो साक्षर प्रदेशको रुपमा घोषणा गरिएको छ। बागमती प्रदेशको जिल्लाहरुमध्ये ललितपुरमा शत् प्रतिशत र दोलखामा ९५.३७ प्रतिशत साक्षरता रहेको छ । बागमती प्रदेशमा रहेका विद्यालयहरुमध्ये आधारभूत (१-५) मा ६४९९, आधारभूत (६-८) मा ३८७९, आधारभूत (१-८) मा ६५३४, माध्यमिक (९-१०) मा २८८६, माध्यमिक (११-१२) मा १०२३ र माध्यमिक (९-१२) मा २९१५ वटा विद्यालय सञ्चालनमा रहेका छन् (स्रोत: प्रदेश आर्थिक सर्वेक्षण, २०७९) ।

## ५.६ स्वास्थ्य

बागमती प्रदेशमा कुल प्रादेशिक अस्पताल १४, स्वास्थ्य कार्यलय १३, आयुर्वेद स्वास्थ्य केन्द्र १३, आयुर्वेद औषधी उत्पादन केन्द्र १, प्राथमिक स्वास्थ्य केन्द्र ४१, स्वास्थ्य चौकी ६४३, शहरी स्वास्थ्य केन्द्र १८२, सामुदायिक स्वास्थ्य ईकाइ १७३, आयुर्वेद औषधालय ५०, निजी अस्पताल १४५०, नागरिक आरोग्य केन्द्र गरी २७४६ स्वास्थ्य संस्था रहेका छन् (स्रोत: प्रदेश आर्थिक सर्वेक्षण, २०७९) ।

## ५.७ यातायात

२०७९ असार मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या १२.४ प्रतिशतले वृद्धि भई १९ लाख ३ हजार ५ सय ७० पुगेको छ । यस मध्ये मोटरसाईकल सङ्ख्या १२.६ प्रतिशत तथा अन्य सवारी साधन संख्या ६.४ प्रतिशतले वृद्धि भएको छ ।

## ५.८ सेवा क्षेत्र कर्जा

२०७९ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा १३.५ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ४६ अर्ब ३७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.५ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.९ प्रतिशत रहेको छ ।

कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता क्षेत्रमा प्रवाहित कर्जा १४ प्रतिशत, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा १२.९ प्रतिशत र पर्यटनमा ६ प्रतिशतले वृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा प्रवाहित कर्जा ३५ प्रतिशत र अन्य सेवा क्षेत्रमा प्रवाहित कर्जा ५०.६ प्रतिशतले घटेको छ ।

**तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | २,०१२.७९ | ०.२ |
| सिन्धुपाल्चोक | २,१३७.१३ | ०.२ |
| रसुवा | ५८८.६८ | ०.१ |
| धादिङ्ग | ९,२५१.६५ | ०.९ |
| नुवाकोट | ५,८३१.७५ | ०.६ |
| काठमाडौं | ८४२,१८०.३६ | ८०.५ |
| भक्तपुर | १८,७०८.६२ | १.८ |
| ललितपुर | ५९,१२१.५० | ५.७ |
| काभ्रेपलाञ्चोक | १७,१७०.९७ | १.६ |
| रामेछाप | १,८१५.१८ | ०.२ |
| सिन्धुली | ४,५७०.८३ | ०.४ |
| मकवानपुर | २३,०१३.१७ | २.२ |
| चितवन | ५९,९७०.५८ | ५.७ |
| **जम्मा** | १,०४६,३७३.२२ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (८०.५ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ (तालिका ५.५) ।

## ५.९ सहकारी

समीक्षा वर्षमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका १० वटा सहकारीहरुको २०७९ असार मसान्तसम्म कुल पुँजी रु.९ अर्ब १० करोड रहेको छ (तालिका ५.६) । त्यसैगरी, यी सहकारी संस्थाहरूमा रु.१९ अर्ब २७ करोड कुल बचत रहेको छ भने कुल ऋण रु.१७ अर्ब ३२ करोड रहेको छ । यी सहकारी संस्थाहरूमा कुल बचत २०७८ असार मसान्तको तुलनामा ४.६७ प्रतिशत र कुल कर्जा २०.५४ प्रतिशतले वृद्धि भएको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०७९ असार मसान्तसम्म कुल १०६,८८९ सदस्यहरु र कुल ४८१ जना कर्मचारीहरु रहेका छन् । समीक्षा वर्षमा नमूना छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या सामान्य मात्राले (४.३७ प्रतिशत) ले घटेको छ ।

**तालिका ५.६ : छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि आ.व. २०७६/७७ | गत अवधि आ.व. २०७७/७८ | समीक्षा अवधि आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पूँजी (रु.करोडमा) | ७१२.३७ | ८३३.७५ | ९१०.४५ | १७.०४ | ९.२० |
| कुल बचत (रु. करोडमा) | १५४९.१० | १८४०.५७ | १९२६.५५ | १८.८२ | ४.६७ |
| कुल ऋण (रु. करोडमा) | १३४६.६६ | १४३६.७५ | १७३१.८४ | ६.६९ | २०.५४ |
| सदस्य सङ्ख्या | ११५२९३ | १२२२१० | १०६८८९ | ६.०० | -१२.५४ |
| कर्मचारी सङ्ख्या | ४४७ | ५०३ | ४८१ | १२.५३ | -४.३७ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू ।*

## ५.१० प्रदेश सरकारी वित्त

आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश सरकारले कुल रु.५७ अर्ब ७२ करोड बजेट बिनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरण अनुसार आ.व. २०७८/७९ मा रु.३७ अर्ब ९९ करोड खर्च भएको छ। उक्त रकम कुल विनियोजनको ६५.८३ प्रतिशत हो। चालु खर्चतर्फ विनियोजनको ६९.७६ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ६३.२१ प्रतिशत खर्च भएको छ।

बागमती प्रदेश सरकारले आ.व. २०७८/७९ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँड गरी कुल राजस्व रु.२३ अर्ब ८२ करोड परिचालन गर्ने अनुमान गरेकोमा २०७९ असार मसान्तसम्म रु.२५ अर्ब ५३ करोड राजस्व संकलन भएको छ जुन कुल राजस्व अनुमानको तुलनामा १०७.१७ प्रतिशत हो ।

आ.व. २०७८/७९ मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१६ अर्ब ९३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७९ असार मसान्तसम्ममा कुल रु.१५ अर्ब ६८ करोड अनुदान प्राप्त गरेको छ ।

**तालिका ५.७: सरकारी वित्त स्थिति***

| शीर्षक | बजेट | यथार्थ | प्रतिशत |
|---|---|---|---|
| कुल खर्च | ५७.७२ | ३७.९९ | ६५.८३ |
| चालु | २२.५१ | १५.७० | ६९.७६ |
| पुँजीगत | ३३.२२ | २१.०० | ६३.२१ |
| वित्तिय | ०.०० | १.३० | ६५ |
| राजस्व | २३.८२ | २५.५३ | १०७.१७ |
| अनुदान | १६.९३ | १५.६८ | ९२.६१ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश*

* बजेट र यथार्थको रकम रु.अर्बमा प्रस्तुत गरिएको ।

## ५.११ स्थानीय तहहरुको बजेट स्थिति

बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएको ५ स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा) ले आर्थिक वर्ष २०७८/७९ मा रु. २१ अर्ब ५३ करोड रकम प्राप्त गरेका छन् जुन बजेटमा विनियोजित गरिएको रकमको १०१.९ प्रतिशत हो । अघिल्लो आर्थिक वर्षको तुलनामा वास्तविक रुपमा प्राप्त भएको यस्तो रकम १३.४ प्रतिशतले बढी हो ।

आर्थिक वर्ष २०७८/७९ मा रु.३१ अर्ब ७७ करोड रकम खर्च विनियोजन गरेको छ जसमा पुँजीगत खर्चको हिस्सा ५९.२ प्रतिशत, चालु खर्चको हिस्सा ३९.६ प्रतिशत र वित्तीय खर्चको हिस्सा १.२ प्रतिशत रहेको छ। उक्त स्थानीय तहहरुले वास्तविक रुपमा भने कुल विनियोजित बजेटको ५४.८ प्रतिशत मात्र रकम खर्च गरेका छन् जसमा जसमा पुँजीगत खर्चको हिस्सा ४५.७, चालु खर्चको हिस्सा ५३.१ र वित्तीय खर्चको हिस्सा १.२ रहेको छ। अघिल्लो वर्ष उक्त स्थानीय तहहरुले विनियोजित कुल बजेटको ४८.३ प्रतिशत वास्तविक खर्च गरेका थिए।

**तालिका ५.८: बागमती प्रदेशको स्थानिय तहहरुको प्राप्ति खर्च विवरण***


रु. दश लाखमा

| विवरण | २०७७/७८ | | २०७८/७९ | | वास्तविकको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | बजेट | वास्तविक | बजेट | वास्तविक | |
| कर | ७,५०१.०९ | ९,१८१.२८ | ८,५०४.३९ | ११,८६४.१५ | २९.२२ |
| अनुदान | ७,६९९.३३ | ६,७२४.८४ | ८,४२१.३८ | ७,०७२.८६ | ५.१८ |
| *संघीय सरकार* | *६,५१०.७८* | *६,२१५.१३* | *७,३५०.८७* | *६,५००.२५* | *४.५९* |
| *प्रदेश सरकार* | *८४२.५५* | *३७१.५३* | *६१६.१०* | *४८०.११* | *२९.२३* |
| *आन्तरिक स्रोत* | *१.००* | *०.७९* | *७२.५०* | *१०.८०* | *१,२७५.९७* |
| *वैदेशिक स्रोत* | *–* | *–* | *५१.९१* | *–* | *–* |
| *जनसहभागिता* | *३४५.००* | *१३७.४१* | *३३०.००* | *८१.७१* | *(४०.५४)* |
| अन्य राजस्व | ४,४३८.२५ | ३,०१३.४१ | ३,८८८.१६ | २,४४८.५१ | (१८.७५) |
| दयित्व | २५०.०० | ६०.०० | २९०.०० | ११४.६७ | ९१.११ |
| विविध प्राप्ति | ५२.६७ | ५.९० | १३.५४ | ३३.१० | ४६१.३९ |
| **क. कुल प्राप्ति** | **१९,९४१.३५** | **१८,९८५.४३** | **२१,११७.४७** | **२१,५३३.२९** | **१३.४२** |
| **ख. कुल खर्च** | **२८,८०३.५९** | **१४,५५४.०९** | **३१,७७४.७३** | **१७,४१९.०९** | **१९.६९** |
| *चालु* | *१०,९०६.७९* | *७,७४२.७०* | *१२,५९१.९२* | *९,२४८.९६* | *१९.४५* |
| *पुँजीगत* | *१७,४८९.६८* | *६,७००.७१* | *१८,७९८.८७* | *७,९६४.१४* | *१८.८६* |
| *वित्तीय* | *४०७.१३* | *११०.६८* | *३८३.९५* | *२०६.००* | *८६.१२* |
| **बचत (न्युन) रकम (क-ख)** | **(८,८६२.२४)** | **४,४३१.३४** | **(१०,६५७.२६)** | **४,११४.२०** | **(७.१६)** |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको।

**चार्ट ५.४: ५ वटा स्थानीय तहहरुको खर्च विवरण (रु.अर्बमा)**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

अध्ययनमा समेटिएको स्थानिय तहहरुमध्ये आर्थिक वर्ष २०७८/७९ मा कुल विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाले ७५.५ प्रतिशत वास्तविक खर्च गरेको छ भने काठमाडौं महानगरपालिकले सबै भन्दा कम ४४.२ प्रतिशत वास्तविक खर्च गरेको छ। यसैगरी, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाले कुल विनियोजित बजेटको क्रमशः ६१.६ प्रतिशत, ६५.१ प्रतिशत र ६९.० प्रतिशत वास्तविक खर्च गरेका छन्।

**तालिका ५.९ : २०७८/७९ मा ५ स्थानीय तहमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान***

रु. दश लाखमा


| विवरण | संघीय सरकारबाट | प्रदेश सरकारबाट | जम्मा प्राप्त | गत वर्ष प्राप्त |
|---|---|---|---|---|
| समानीकरण अनुदान | २,३२५.२० | २२७.०६ | २,५५२.२६ | २,२६३.६७ |
| शसर्त अनुदान | ४,०७९.६७ | २०४.८६ | ४,२८४.५३ | ४,२०१.८५ |
| विषेश अनुदान | ६७.५० | ४.३३ | ७१.८३ | १२.१९ |
| समपुरक अनुदान | १९.२८ | ४३.८६ | ६३.१४ | १००.५४ |
| अन्य अनुदान | ८.६० | - | ८.६० | ८.४० |
| **जम्मा** | **६,५००.२५** | **४८०.११** | **६,९८०.३५** | **६,५८६.६५** |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ स्थानीय तहहरु (काठमाडौं,भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको।

अध्ययनमा समेटिएका ५ स्थानीय तहहरुले आर्थिक वर्ष २०७८/७९ मा कुल ६ अर्ब ९८ करोड संघीय सरकार र प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका छन् जुन अघिल्लो वर्ष भन्दा ६ प्रतिशतले बढी हो। कुल अनुदान रकममा संघीय सरकारको अनुदान हिस्सा ९१.९ प्रतिशत रहेको छ भने प्रदेश सरकारको हिस्सा ६.८ प्रतिशत रहेको छ। यसैगरी कुल संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा शर्सत अनुदानको हिस्सा ६१.४ प्रतिशत र समानीकरण अनुदानको हिस्सा ३६.६ प्रतिशत रहेको छ।

**चार्ट ५.५: संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान (रु. दश लाखमा)**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

काठमाडौं महानगरपालिकाले संघीय र प्रदेश सरकारबाट समानीकरण र शसर्त अनुदान गरी कुल रु. २ अर्ब १८ करोड रकम प्राप्त गरेको छ भने भक्तपुर नगरपालिकाले समानीकरण, शसर्त, विशेष, समपुरक र अन्य अनुदान गरी कुल रु. ६९ करोड रकम अनुदान प्राप्त गरेको छ। यसैगरी भरतपुर महानगरपालिकाले संघीय र प्रदेश सरकारबाट समानीकरण, शसर्त र विशेष अनुदान गरी कुल रु.१ अर्ब ७९ करोड, ललितपुर महानगरपालिकाले समानीकरण, शसर्त, विशेष र समपुरक गरी कुल रु. १ अर्ब २० करोड र हेटौंडा उपमहानगरपालिकाले समानीकरण, शसर्त र समपुरक गरी कुल रु. १ अर्ब १२ करोड रकम अनुदान प्राप्त गरेका छन्।

## ५.१२ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.१२.१ चुनौती

- Utility Corridor को कार्यान्वयन गर्न, विद्युतीय फोहोर व्यवस्थापन (E-waste Management) एवम् डिजिटल तथ्यांकको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु ।
- उपत्यका तथा ठूला महानगरहरुमा खुला रुपमा छाडिएका कुकुर तथा पशुचौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु र सो बाट फैलिनसक्ने रोग नियन्त्रण गर्नु ।
- प्रदेश भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा खानेपानी शौचालय, सरसफाई, ढल व्यवस्थापन, नि:शुल्क इन्टरनेट जस्ता आधारभूत सुविधा उपलब्ध गराइ ब्यागेज जाँच, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्र समेटिएको डिजिटल नक्सा, द्रुत उद्धार टीम तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु ।
- युट्युव, टिकटक जस्ता अनलाइन प्लेटफर्ममा गरिएको विज्ञापनबाट अदृष्य रुपमा रकम बाहिरिन सक्ने भएकाले त्यस्ता अनौपचारिक माध्यमका कारोबारलाई नियन्त्रणमा राख्नु ।
- काठमाडौं उपत्यका, धुलिखेल, चितवन लगायत ठूला सहरमा मात्र प्राय गुणस्तरीय होटलहरु सिमित रहेकोले विदेशी तथा स्वदेशी पर्यटन प्रवर्द्धन गर्नका लागि प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पनि गुणस्तरीय होटेल तथा यातायात सुविधाको विकास गर्नु ।
- सेवाग्राहीको चाप बढी रहने सरकारी कार्यालयहरुमा इन्टरनेट, सफ्टवेयर, कम्प्युटर तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी छिटो-छरितो सेवा प्रवाह गर्नु ।
- प्रदेशमा कोरोना, डेन्गु, फ्लु जस्ता माहामारीको प्रकोप बढ्दै गएकोले यहाँभित्र रहेका सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुमा पर्याप्त शैया, आधुनिक उपकरण तथा पर्याप्त औषधिको व्यवस्था गर्नु ।

### ५.१२.२ सम्भावना

- साइवर सुरक्षा तथा बौद्धिक अधिकार सम्पत्ति अधिकारको नीति कसिलो बनाई कार्यान्वयन गर्न सकेमा सुचना प्रविधिमा वैदेशिक लगानी बढाउन सकिने सम्भावना रहेको ।
- ट्रान्सफर्मर, एल्युमिनियम र तामाका तारहरू, सुरक्षा प्रणाली, घरेलुफ्यूज, कंक्रिट स्टिलका पोलहरू नेपाली उद्योगले उत्पादन गरिरहेको हुनाले विद्युतीय पूर्वाधारको निर्माणमा स्वदेशी उत्पादनको प्रयोग हुने सम्भावना रहेको ।
- दोलखाको जिरी उपत्यकामा कृषि फार्म, मानवनिर्मित पोखरी, होमस्टे लगायतका कार्यक्रम गरी हरित शहरको रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- शैक्षिक पूर्वाधार र सूचना प्रविधिमा पहुँच राम्रो रहेको तथा शिक्षामा निजी क्षेत्रको आकर्षण राम्रो रहेकोले काठमाडौं उपत्यका तथा चितवनलाई देशकै शिक्षाको हबको रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- आँखा, छाला र दाँतको विशिष्टिकृत सेवाको विकास गरी Medical Tourism लाई आर्कषित गर्न सक्ने सम्भावना रहेको ।
- अन्य प्रदेशको तुलनामा सुचना तथा संचारको पहुँच राम्रो रहेको यस प्रदेशमा शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्रवाहलाई डिजिटलाइज गरी आधारभूत सेवाको गुणस्तर वृद्धि तथा लाग्ने समय कम गर्न तथा पेपरलेस बनाउन सकिने सम्भावना रहेको ।
- सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई डिजिटाइज गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा  वित्तीय पहुँच बढी रहेकोले वास्तविक क्षेत्रमा सञ्चालित उद्योगहरुले वित्तीय बजारमा IPO, वण्ड लगायतका उपकरणहरु जारी गरी पुँजी बजारलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशिल रहेका छन् ।

**तालिका ६.१: सडक पूर्वाधार तर्फ आ.व २०७८/७९ सम्मको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | जम्मा |
|---|---|---|---|---|---|---|
| १. कच्ची सडक | कि.मि. | ३९६ | १३९.५ | ६६.०८ | १६०.१ | ७६१.७ |
| २. ग्राभेल सडक | कि.मि. | १४१.८ | १९०.६ | २४६.४ | २००.८ | ७७९.६ |
| ३. कालोपत्रे सडक | कि.मि. | ६७.५९ | १५२.८ | १९९.१ | ११६.९ | ५३६.२ |
| ४. ढलान सडक | कि.मि. | ० | ४०.५५ | ४०.३५ | ७३.९३ | १५४.८ |
| ५. सडक पुल | गोटा | १४ | १८ | १८ | १९ | ६९ |
| ६. झोलुंगे पुल | गोटा | | | १ | ६ | ७ |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुर ।*

समीक्षा अवधिसम्ममा यस प्रदेशमा सडकतर्फ २२३२.४१ कि.मी सडकमध्ये कुल कच्ची सडक ७६१.७ कि.मी., ग्राभेल सडक ७७९.६ कि.मी., कालोपत्रे सडक ५३६.२ कि.मी. तथा ढलान सडक १५४.८ कि.मी. चालु अवस्थामा रहेका छन् । यसैगरी, यस अवधिसम्ममा सडक पुल ६९ वटा र झोलुंगे पुल ७ वटा निर्माण भएका छन् ।

सडक क्षेत्रको लागि आवश्यकता अनुसार वायो ईन्जीनियरिङ्ग तथा सडक सुरक्षाका पूर्वाधारहरुको निर्माण कार्यहरु भईरहेको अवस्था छ । त्यसैगरी, प्रमुख प्रादेशिक सडकहरुको नियमित, पटके तथा आकस्मिक मर्मत तथा सम्भार कामहरु पनि निरन्तर रुपमा भइरहेको छन ।

प्रदेश पुष्पलाल चक्रपथको धादिङ्ग मकवानपुर खण्डको ठेक्का व्यवस्थापन भई स्तरोन्नतीको कार्य भईरहेको छ भने दक्षिणकाली छैमले खण्डका पनि सडक चौडा तथा स्ट्रक्चरहरुको निर्माण भईरहेको, कुलेखानी देखि सिस्नेरी तर्फ ६ कि.मी. सडक कालोपत्रे सम्पन्न भई सिस्नेरी छैमले (मकवानपुर खण्ड) मा स्ट्रक्चरहरुको निमार्ण कार्य भइरहेको छ ।

**तालिका ६.२: शहरी विकास तथा भवन पूर्वाधार तर्फ आ.व २०७८/७९ सम्मको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | जम्मा |
|---|---|---|---|---|---|---|
| भवन निर्माण | गोटा | ३५ | १८ | ६५ | २१२ | ३३० |
| पार्क निर्माण तथा अन्य संरचना निर्माण | गोटा | ४३ | ६७ | ६० | २६४ | ४३४ |
| सरकारी कार्यालयहरु मर्मत | गोटा | ६० | ५८ | २० | ५७ | १९५ |
| अध्ययन अनुसन्धान तथा परामर्श | गोटा | ६ | १३ | १० | १९ | ४८ |
| जनता आवास इकाई निर्माण | गोटा | ७३४ | ६२० | ४७ | ६८८ | २०७८ |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुर ।*

बागमती प्रदेशमा आ.व. २०७८/७९ मा २१२ वटा भवन निर्माण, २६४ वटा पार्क तथा अन्य संरचना निर्माण, ५७ सरकारी कार्यालयहरुको मर्मत, १९ अध्ययन अनुसन्धान तथा परामर्श सेवा तथा ६८८ वटा जनता आवास इकाई निर्माण भएका छन् । प्रदेश सभा हल निर्माण कार्य अन्तिम चरणमा रहेको एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलको निर्माण कार्य भइरहेको र मुख्यमन्त्री तथा मन्त्रालय भवन निर्माणका लागि जग्गा पहिचानको चरणमा रहेको छ ।

**तालिका ६.३: राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत (रु.) | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना | २०७३/७४ | १२२,००० हेक्टर,<br>२८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ७.६ | ७.५७ |
| २. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | सम्पन्न | |
| ३. | विद्युत् प्रशारण आयोजना | तयारी चरणमा रहेको | ४०० के.भि.<br>२८९ कि.मि. आन्तरिक<br>२३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | ५.०१ | ५.०१ |
| ४. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ८०.९ | ८०.०३ |
| ५. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | ६४.१६ | ६९.७९ |
| ६. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | २१.१८ | १९.५८ |
| ७. | मेलम्ची खानेपानी आयोजना | २०५५ | ५१ करोड लिटर | २०७७/७८<br>(प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ८९.४७ | ९५.७७ |
| ८. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ५८ | ६२.१३ |
| ९. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ४.९९ | ४.८४ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

**सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना**



प्रदेश नं. ३ को सिन्धुली र रामेछापमा मुख्य संरचना रहने गरी निर्माण गर्न लागिएको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कुल लागत रु.४६ अर्ब १९ करोड रहेको छ । आ.व २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजनाको शिलान्यास २०७७ फागुन २० मा तत्कालिन प्रधानमन्त्री के. पी. ओलीले गरेका थिए । राष्ट्रिय योजना आयोगले आर्थिक रुपान्तरणकारी आयोजनाको रुपमा अघि सारेको यस आयोजनाको मुख्य उद्देश्य सुनकोशी नदीको पानी फर्काएर मरिन खोलामा झारी बागमती नदीको बागमती सिँचाइमार्फत प्रदेश नं. २ को बारा, रौतहट, धनुषा, महात्तरी र सर्लाही गरी ५ जिल्लाका १२२ हजार हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने रहेको छ । आयोजनाले डाइर्भट गरिएको पानीबाट ३१.७ मेगावाट विद्युत उत्पादन गर्ने तथा सो विद्युतलाई ४४ कि.मी. विद्युत प्रसारण लाइन निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना रहेको छ । आयोजना सुरु गरिएको अवधि देखि आ.व. २०७७/७८ को चौथो त्रैमाससम्मको भौतिक प्रगति ७.६ प्रतिशत र वित्तीय प्रगति ७.६ प्रतिशत रहेको छ । कार्यान्वयन स्तरमा रामेछाप जिल्लातर्फको डुवान क्षेत्रको जग्गा अधिग्रहणमा र राजमार्गका केही भाग Divert गर्दा माझी बस्तीको Land Reclamation जस्ता केही समस्या देखापरे पनि आयोजना र प्रभावित क्षेत्रका वासिन्दाहरुको समन्वयमा सो समस्याहरु समाधानका क्रममा रहेका छन् ।

*स्रोत: सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली ।*

**नागढुंगा नौविसे सुरुङ मार्ग**



काठमाडौं उपत्यका भित्रिन प्रयोग हुने मुख्य नाकामा निर्माण हुन लागेको नागढुंगा नौविसे सुरूङ मार्गको कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जा बाहेक) रहेको छ । काठमाडौंको थानकोट दहचोकदेखि धादिङको सिस्ने खोलासम्म निर्माण गर्ने लक्ष्य रहेको यो सुरुङ मार्ग ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर चौडाइको इमर्जेन्सी ट्र्याक रहने यस सुरुङको चौडाइ ९.५ मिटर र उचाई ५ मिटरको हुनेछ । निर्माण पश्चात् बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौं प्रवेश गर्न २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको यस सुरुङमार्ग जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणबाट निर्माण हुन लागेको हो । आर्थिक वर्ष २०७८/७९ को असारसम्म सुरुङ मार्गको कुल भौतिक प्रगति ४१ प्रतिशत र कुल वित्तीय प्रगति ४७ (मोविलाइजेशन सहित) प्रतिशत रहेको छ । आ.व. २०७८/७९ को असारसम्म मुख्य सुरुङ १४७५ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ १६१३ मिटर (खन्ने काम) सम्पन्न भएको छ भने टनेल उत्खननको ६० प्रतिशत र कंक्रिट लाइनिङको २१ प्रतिशत काम सम्पन्न भएको छ ।

*स्रोत: नागढुंगा सुरुङमार्ग निर्माण आयोजना ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ६.२.१ चुनौती

- सिन्धुपाल्चोकको मेलम्चीमा गएको बाढी पहिरोबाट मेलम्ची खानेपानी आयोजनाको भौतिक संरचनामा क्षति भएकोले मेलम्ची आयोजनालाई पुन संचालनमा ल्याउनु ।
- निमार्णाधीन पुर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, विपद तथा जोखिमलाई न्यूनीकरण गर्दै कार्य सम्पन्न गर्नु ।
- आयोजना निर्माणका क्रममा स्थानीयहरुको आयोजना माथिको अधिकार, लाभ बाँडफाँड लगायतका विषयमा आउन सक्ने अवरोधलाई समयमानै सम्बोधन गरी काम सुचारु गर्नु ।
- वातावरणीय हिसाबले निर्माण गर्दा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्नु ।
- स्थानीय रुपमा चुनौती खडा हुनसक्ने मुआब्जा, जग्गा अधिग्रहण, राइट अफ वे, पुनर्वास लगायतका विषयहरूको पूर्वतयारी गरी सम्बोधन गर्नु ।
- आयोजना अवधिभर आवश्यक कच्चा पदार्थ, उपकरण, कामदार र विशेषज्ञहरूको उपलब्धता सुनिश्चित गर्नु ।
- निर्माण सम्पन्न भइसकेका आयोजनाको नियमित मर्मत सम्भार गरी आयोजनाको आयु बढाउनु ।

### ६.२.२ सम्भावना

- रसुवा जिल्लामा पर्ने लाङटाङ राष्ट्रिय निकुञ्जमा अवस्थित धार्मिक तथा पदयात्राका लागि प्रसिद्ध गोसाइकुण्ड क्षेत्रमा केवलकार, रिर्सोट, High Altitude Golf Course लगायतका पूर्वाधारहरुको सम्भावना रहेको ।
- रोवालिङ गौरीशंकर क्षेत्रमा High Altitude and Climbing तालिम केन्द्र स्थापना गर्न सक्ने सम्भावना रहेको ।
- प्रदेशका विकट क्षेत्रबाट शहरी इलाकासम्म सर्वसुलभ यात्रा गराउन इलेक्ट्रिक बस, चार्जिङ स्टेसन, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको ।
- स्टिल, सिमेन्ट, तार लगायतका उत्पादनमा देश आत्मनिर्भर हुँदै गएकोले आपूर्ति श्रृंखला सहज हुने तथा गुणस्तरमा एकरुपता कायम हुने सम्भावना रहेको ।
- ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Underpass, Flyover लगायतको पूर्वाधार निर्माण गर्न सकिने सम्भावना रहेको ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७९ असारसम्म यस प्रदेशबाट कुल ८२ हजार ७ सय ४९ जना बेरोजगार सूचीकृत रहेका छन् (तालिका ६.४) । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २६९५ आयोजनाहरू सञ्चालनमा रहेका छन् । यस कार्यक्रम अन्तर्गतका आयोजनाहरू, रोजगारी जस्ता जिल्लागत विवरणहरू तालिका ६.४ मा उल्लेख गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ मा दोलखा जिल्लामा सबैभन्दा बढी (३९१ वटा) र रसुवा जिल्लामा सबैभन्दा कम (३५ वटा) आयोजनाहरू रहेका थिए । त्यसैगरी, आ.व. २०७८/७९ मा दोलखा जिल्लामा कुल सूचीकृत बेरोजगारको सङ्ख्या तथा रोजगारी प्राप्त गरेको सङ्ख्या सबैभन्दा बढी देखिन्छ (तालिका ६.४) ।

**तालिका ६.४: जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | आयोजना संख्या | सुचिकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | ३९१ | १३४४२ | ३४९४ | २५७३५१ |
| सिन्धुपाल्चोक | २७६ | १२६२३ | ३२२४ | २४७७५१ |
| रसुवा | ३५ | ११४२ | ४१९ | ४०६८३ |
| धादिङ | २९२ | ९०६३ | १९१७ | १२५२९६ |
| नुवाकोट | ३६५ | १०२४२ | १८३९ | १६०७६९ |
| काठमाडौं | ९१ | २११२ | ५५७ | ३६५५७ |
| भक्तपुर | ५४ | १७५५ | ५०५ | ३२०५६ |
| ललितपुर | ७८ | २४४० | ५६२ | ४४३६४ |
| काभ्रेपलाञ्चोक | ३२८ | ६५४१ | १७२४ | १२६२६६ |
| रामेछाप | १५७ | ५६१७ | २०७३ | १२०७६३ |
| सिन्धुली | ३२५ | १०७५८ | २८१९ | १५८६६८ |
| मकवानपुर | २२५ | ६१४० | १४६५ | ११२१०७ |
| चितवन | ७८ | २८७४ | ७६३ | ६३६३८ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

### वैदेशिक रोजगारी

कोभिड-१९ को प्रभाव कम भई आर्थिक क्रियाकलाप सुचारु भए पश्चात् रोजगारीको अवस्थामा पनि उल्लेखनीय सुधार आएको छ। वैदेशिक रोजगार विभागबाट २०७८ साउन १ देखि २०७९ असार मसान्त सम्म कुल ६ लाख ३० हजार ९० जनाको वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृति जम्मा १ लाख ६६ हजार ६ सय ९८ जनालाई प्रदान गरिएको थियो । वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिनेमा बागमती प्रदेशको हिस्सा १४.१५ प्रतिशत रहेको छ।

**तालिका ६.५: जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | Individual Legislation | Total without re-entry | Individual Re-entry | Total with Re-entry |
|---|---|---|---|---|---|---|
| दोलखा | २६२६ | ३८७ | ६७ | ३०८० | १८३१ | ४९११ |
| सिन्धुपाल्चोक | ५३१० | ६९८ | १७८ | ६१८६ | ३१०५ | ९२९१ |
| रसुवा | ६५६ | १५१ | १५ | ८२२ | २९६ | १११८ |
| धादिङ | ४८७९ | ५४६ | १५२ | ५५७७ | ३६५० | ९२२७ |
| नुवाकोट | ४४११ | ५५५ | १३६ | ५१०२ | ३२७६ | ८३७८ |
| काठमाडौं | २१५७ | ७२९ | ३१० | ३१९६ | ३८१९ | ७०१५ |
| भक्तपुर | ५९६ | १७९ | ६९ | ८४४ | ९३५ | १७७९ |
| ललितपुर | १२२० | २९३ | १२३ | १६३६ | १५४० | ३१७६ |
| काभ्रेपलाञ्चोक | २१५७ | ७२९ | ३१० | ३१९६ | ३८१९ | ७०१५ |
| रामेछाप | २९०५ | ३६१ | ९३ | ३३५९ | २१८१ | ५५४० |
| सिन्धुली | ४७०१ | २९९ | ६४ | ५०६४ | २४६८ | ७५३२ |
| मकवानपुर | ६०१३ | ४५४ | १२५ | ६५९२ | ३६७० | १०२६२ |
| चितवन | ५३८५ | ९७४ | ३३४ | ६६९३ | ७२४२ | १३९३५ |
| **कुल** | **४३०१६** | **६३५५** | **१९७६** | **५१३४७** | **३७८३२** | **८९१७९** |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

- वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धिसँगै उद्योग, निर्माण तथा प्राविधिक क्षेत्रमा कामदारको अभाव भई भारत, चीन लगायतका देशबाट कामदार ल्याउनु पर्ने स्थितिको सृजना भएकोले सो अवस्थाको अन्त्य गरी स्वदेशी कामदारलाई नै रोजगारी प्रदान गर्नु ।
- स्थानीय तहबाट प्रदान गरिने रोजगारीको कार्यक्रममा आवद्ध हुन आउनेको दक्षता पहिचान गरी सो अनुसार रोजगारीका कार्यक्रम बनाई त्यसमा आबद्ध गर्नु ।
- कृषि क्षेत्रमा आकर्षण घट्दै गएकोले आवश्यकता अनुसारको कृषि तथा भेटनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।
- स्वास्थ्य क्षेत्रमा न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्ति पलायन हुने दर तिव्र रहेकोले समयानुकुल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु ।

### ६.४.२ सम्भावना

- प्रदेश सरकार वा नेपाल सरकारबाट नविन सोच भएका नयाँ उद्यमी र लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गर्ने तथा लगानी प्रवर्द्धन गर्ने एकाईको स्थापना गर्न सके उद्यमशीलताको विकास भई युवा स्वरोजगार हुने सम्भावना रहेको ।
- औद्योगिक प्रतिष्ठानको लागि आवश्यक दक्ष र अर्ध-दक्ष जनशक्ति उत्पादनको लागि प्रदेशस्तरीय प्राविधिक शिक्षालयको स्थापना गरी स्वदेशी कामदारको उत्पादकत्व वृद्धि गर्न सकिने तथा विदेशी जनशक्तिलाई प्रतिस्थापन गर्न सकिने ।
- कोभिडका कारण बन्द रहेका उद्योग, होटल, यातायात, हवाई लगायतका क्षेत्रहरु पूर्ण सञ्चालनमा आउन थालेकाले सो क्षेत्रमा रोजगारी गुमाएकाले पुनः रोजगारी पाउने सम्भावना रहेको ।
- प्रदेशमा सुचना प्रविधिमा आधारित बिजनेस प्रोसेस आउटसोर्सिङ, तथ्यांक प्रशोधन, विदेशी आइटि कम्पनीको आइटि युनिट खडा गर्ने लगायतका संस्थाहरु फस्टाँउदै गएकोले सुचना प्रविधिमा रोजगारीको सम्भावना रहेको ।

# परिच्छेद ७: आर्थिक परिदृष्य

कोभिड-१९ को प्रभाव कम हुँदै गएको र आन्तरिक मागमा वृद्धि हुँदै गएकाले अर्थतन्त्रमा क्रमिक रूपमा सुधार आएको देखिन्छ । स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुले आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी वर्षमा केही वृद्धि हुने अनुमान गरिएको छ ।

## ७.१ कृषि क्षेत्र

अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्रहरूबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार यस प्रदेशको आर्थिक वर्ष २०७९/८० मा कृषि उत्पादन वृद्धि हुने अनुमान गरिएको छ । उत्पादन क्षेत्र वृद्धि भएसँगै समयमै वर्षा भएको कारण धानको उत्पादन केही वृद्धि हुने देखिन्छ । बीउबिजनको आपूर्तिमा प्रोत्साहन मुलक कार्य खासै नभएकोले पनि मलको उपलब्धता अघिल्ला वर्षहरु भन्दा केही सहज भएकोले समग्र कृषि उत्पादनमा पनि केही वृद्धि हुने देखिन्छ। यसै गरी अन्नबाली लगाउने धेरैजसो भुभागमा तरकारी खेती हुन थालेकोले र संरक्षित जमिनमा तरकारी उत्पादन गर्ने कृषकको वृद्धि भएकोले तरकारी उत्पादन वृद्धि हुने देखिन्छ।

त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार दुध र मासुको माग बढेको तथा वैदेशिक रोजगारीबाट फर्केका युवावर्ग पशुपालन व्यवसायमा आकर्षित भएको हुनाले दुध र मासुको उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।

## ७.२ औद्योगिक क्षेत्र

अन्तराष्ट्रिय बजारमा देखिएको मूल्य वृद्धि र व्याजदर वृद्धि, विदेशी मुद्रा सञ्चितिमा देखिएको चापलाई नियन्त्रण गर्न आयातमा गरिएको कडाई, बैंकिङ प्रणालीमा लगानी योग्य पुँजी माथिको चाप तथा ब्याजदर वृद्धि लगायतका कारणले अल्पकालीन रुपमा उद्योग व्यवसाय र औद्योगिक उत्पादनमा असर पर्न सक्ने देखिएपनि विद्युत आपूर्तिमा सहजता, विप्रेषण आप्रवाहमा वृद्धि लगायतबाट थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ।

## ७.३ सेवा क्षेत्र

विश्व वजारमा देखिएको बढ्दो मुद्रास्फितिका कारण थोक तथा खुद्रा व्यापारमा असर देखिएपनि वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुने, स्वदेशी तथा विदेशी पर्यटनको आगमन बढ्ने, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ।

## ७.४ पूर्वाधार क्षेत्र

निजी क्षेत्रबाट निर्माणीधन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरूङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुका कामहरूले गति लिएको अवस्था छ। हुलाकी राजमार्ग, पुष्पलाल-मध्य पहाडी लोकमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग जस्ता ठूला परियोजनाहरुको निर्माण कार्यमा पनि तिव्रता आउने अनुमान गरिएको छ।